STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

जाति, धर्म वर्ण लिङ्गका आधारमा विवाद नगरौं, एकअर्का मिलेर अघि वढौं।
नेपाल सकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २१ गते मंगलबार ❑ 4 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकी र सुदूरपश्चिम प्रदेशमा नयाँ प्रमुख नियुक्त

पोखरापत्र संवाददाता
पोखरा, २० बैशाख

राष्ट्रपति विद्यादेवी भण्डारीले गण्डकी र सुदूरपश्चिम प्रदेशका प्रमुखलाई पदमुक्त गरी नयाँ नियुक्ति गरेकी छन्।





राष्ट्रपतिभण्डारीलेमन्त्रिपरिषद्को सिफारिशमा गण्डकीका प्रमुख अमिक शेरचन र सुदूरपश्चिम प्रदेशका प्रमुख शर्मिलाकुमारी पन्तलाई पदमुक्त गरी नेपालको संविधानको धारा १६७ बमोजिम सीताकुमारी पौडेल, चितवन र सुदूरपश्चिममा गङ्गाप्रसाद यादव, सप्तरीलाई नियुक्त गरेकी हुन्।

राष्ट्रपति भण्डारीले शीतल निवासमा आयोजित कार्यक्रममा उनीहरूलाई सोमबार नै शपथ गराएकी छन् । कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालगायत उपस्थित रहेको थियो।

मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले गण्डकी प्रदेश प्रमुख अमिक शेरचन र सुदूरपश्चिम प्रदेश प्रमुख शर्मिला त्रिपाठीलाई हटाएर रिक्त पदमध्ये गण्डकीमा सीता पौडेल र सुदूरपश्चिममा गंगाप्रसाद यादवलाई नियुक्तको सिफारिस गरेको हो । गण्डकी प्रदेशप्रमुख पौडेल लामो समयदेखि कम्युनिस्ट पार्टीमा आवद्ध छिन् । नेकपा एमालेको केन्द्रीय सदस्य उनी प्रधानमन्त्री कार्यालयमा विज्ञ सल्लाहकार समूहमै छिन् । उनी एमालेको महिला संगठन अखिल नेपाल महिला संघको महासचिव थिइन् । पौडेल प्रधानमन्त्रीको जनसम्पर्क सल्लाहकार हुन् । उनी एमालेको भ्रातृ संगठन अखिल नेपाल महिलासंघकी अध्यक्षसमेत हुन् । उनी निरन्तर कम्युनिस्ट आन्दोलनमा निरन्तर खटिनुभएकी व्यक्ति हो । महिला आन्दोलनमा उनले नेतृत्व नै गरेकी थिइन ।

त्यस्तै यादव भने दोस्रो संविधान सभाका उपाध्यक्ष र उपभामुख भएका थिए । उनी राप्रपा नेपालबाट उपसभामुख बनेका थिए । तर, यादव २०७४ सालको प्रतिनिधिसभा चुनावअघि एमाले प्रवेश गरेका थिए। यसअघि २०७६ कात्तिकमा सरकारले सातै वटा प्रदेशको प्रदेश प्रमुख परिवर्तन गरेको थियो । त्यतिबेला प्रदेश २, गण्डकी र सुदूरपश्चिममा माओवादी केन्द्र निकटकालाई नियुक्त गरिएको थियो । तर, नेकपा विभाजन भएसँगै प्रदेश-२ का प्रदेश प्रमुख तिलक परियारलाई पदमुक्त गरी राजेश झालाई जिम्मेवारी दिइएको थियो।

## कास्कीमा सार्वजनिक सवारी पनि बन्द

पोखरापत्र संवाददाता
पोखरा, २० बैशाख

जिल्ला प्रशासन कार्यालय कास्कीले निषेधाज्ञालाई कडा बनाउँदै मंगलबारदेखि सार्वजनिक सवारी साधन सञ्चालनमा पनि रोक लगाएको छ।

प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले आइतबार जारी गरेको आदेशमा नयाँ भेरियन्टसहितको कोभिड-१९ सङ्क्रमण तीव्ररूपमा फैरिहेको भन्दै सर्वसाधारणलाई अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्कन र हिँडडुल नगर्न भनिएको छ। वैशाख २१ गते बिहान ५.०० बजेदेखि वैशाख ३१ गते रातको १२.०० बजेसम्मका लागि तोकिएको आदेशमा अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधन बाहेकका यात्रुबाहक सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाइएको छ।

सबै किसिमका धार्मिकस्थलमा स्वास्थ्य मापदण्ड कायम गरी नियमित पूजाआजा बाहेकका अन्य कार्य नगराउन आदेशमा भनिएको छ । सबै किसिमका शैक्षिक संस्थामा भौतिक उपस्थितिमा गरिने पठनपाठन तथा परीक्षा सञ्चालन नगराउन आदेशमा उल्लेख छ।

औषधि एवं स्वास्थ्य सामग्रीका पसल भने २४ सै घण्टा खुल्नुका साथै दैनिक उपभोग्य खाद्यान्न, फलफूल, माछामासुका लागि बिहान ५.०० बजेदेखि दिउँसो १.०० बजेसम्म सञ्चालन गर्न सकिने प्रशासनले जनाएको छ।

## बाख्रा चराउन गएका कास्कीका युवा भालुको आक्रमणबाट घाइते

पोखरापत्र संवाददाता
पोखरा, २० बैशाख



बाख्रा चराउन गएका कास्कीका एक युवा भालुको आक्रमणमा परी घाइते भएका छन् । कास्कीको माछापुच्छे गाउँपालिका -९ सिदिङका ३५ बर्षीय युवा उमानाथ पौडेल भालुको आक्रमणमा परी घाइते भएको माछापुच्छे गाउपालिका वडा नम्बर -९ का वडा अध्यक्ष दुर्गा बहादुर क्षेत्रीले बताए।

बस्ती भन्दा करिब एक घण्टा पैदल टाडा रहेको नसिपु जङलमा बाख्रा चराउन पुगेका पौडेललाई एकाएक भालुले आक्रमण गर्दा हाल उनको पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचार भई रहेको उनले जनाए।

१२ बर्षका नाताले सालो पर्ने र ८ बर्षीय छोराको साथमा बाख्रा चराउन गएका पौडेल सिदिङको बस्ती भन्दा एक घण्टा टाडाको जंगलमा भालुको आक्रमणमा परी डाँडाबाट हार गुहार गरेर उनलाई स्थानीयले उद्धार गरी अस्पताल पुराएको स्थानीय आइतबहादुर क्षेत्रीले बताए । उनका अनुसार भालुले बालकहरुलाई समेत आक्रमण गर्ने भएकोले पौडेलले कराउदै दाइने हातले आँसी चलाएको हुँदा देब्रे पट्टिको भागमा हात र खुट्टामा गम्भिर चोट लागेको हो। पौडेल जस्ता धेरै स्थानीयलाई जंगली जनावरले आक्रमण र दुःख दिने गरेकोले उनीहरुको स्वास्थ्य उपचारको प्रबन्ध निःशुल्क रुपमा गराउनु पर्ने स्थानीय क्षेत्रले माग गरेका छन्।

## सभामुखले दलका नेतासँग छलफल पछि प्रदेशसभाको विशेष अधिवेशन अघि बढ्ने !

पोखरापत्र संवाददाता
पोखरा, २० बैशाख




गण्डकी प्रदेश सभाका सभामुख नेत्रनाथ अधिकारीले संसदीय दलका नेताहरुसंग छलफल गरेर मात्र त्यसबाट आएको निचोडको आधारमा स्थगित भएको बिषेश अधिवेस संचालन हुने भएको छ।

यही वैशाख १५ गते देखि स्थगित भएको गण्डकी प्रदेशसभाको विशेष अधिवेशन वोलाउने बिषयमा सोमबार संसद सचिवालयमा बसेको कार्यव्यस्था परामर्श समितिको बैठकले ठोस निर्णय दिन नसके पछि दलहरुसंग सभामुखले छलफल गरेर मात्र अघि बढ्न सुझाव दिएका हुन्।

कार्यव्यस्था परामर्श समितिले दिएको निर्णयको आधारमा सभामुख नेत्रनाथ अधिकारीले मंगलबार दिउँसो ३:०० बजे संसद सचिवालयमा संसदीय दलका नेताहरुलाई वोलाउने भएका छन् । सभामुख नेत्रनाथ अधिकारीले मंगलबार दलका नेताहरुलाई सर्वदलीय बैठकमा वोलाउने कार्यव्यस्था परामर्श समितिमा सहमति भएको माओबादी केन्द्रका सांसद रामजी प्रसाद बराल जीवनले बताए । स्थगित भएको बिषेश अधिवेसन वोलाउने बिषयमा दलहरु बिच हुने छलफलले निर्णय गर्ने भएको उनले बताए। उनले भने "संसदीय अभ्यासमा सवै लचक हुनु पर्छ, सधै संसद अरुद्ध गरेर हुदैन, गल्तीबाटै पाठ सिकेर अघि बढ्नु पर्छ।"

नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक मायानाथ अधिकारीले सभामुखले गल्ती गरेकोले उनले संसदीय दलका नेताहरुलाई डाकेर बैठक बसे पछि त्यसबाट आएको निर्णयको आधारमा मात्र स्थगित भएको बिषेश अधिवेसनको बारेमा टुंगो लाग्ने बताए । करिब ४ घण्टा जसो चलेको कार्यव्यस्था परामर्श समितिमा सत्ता पक्ष र प्रतिपक्षका धेरै कुरा आए पनि अन्ततः संसदीय दलका नेताबाट आएको निर्णय नै मान्य गरी सहमति भएको हो । सोमबारको बैठकमा आन्तरिक मामिला तथा कानुनमन्त्री रामशरण बस्नेतले मुख्यमन्त्री विरुद्धको अविश्वास प्रस्ताव छलफलमा गइसके पछि सभामुखले प्रदेशसभा स्थगित गर्न नमिल्ने निर्णय गरेकोले त्यसको कानुनी आधार नदिएसम्म संसद चल्न नसक्ने चेतावनी दिएका थिए । बैठकमा विपक्षी दलहरु नेपाली कांग्रेसका कुमार खड्का, नेकपा माओवादी केन्द्रका रामजी बराल र जनता समाजवादी पार्टीका हरिशरण आचार्यले संसद सञ्चालन गर्नुपर्ने भनाइ राखेका थिए । सभामुख नेत्रनाथ अधिकारीले भने राष्ट्रिय जनमोर्चाले आफ्नो सांसद खोजीका लागि निवेदन दिएकाले संसद स्थगित गर्नुपर्ने अवस्था रहेको बताएका थिए । प्रदेशका मुख्यमन्त्रीविरुद्ध संसदमा पेस अविश्वास प्रस्तावमाथि मतदान हुने दिनमै राष्ट्रिय जनमोर्चाका सांसद खिमविक्रम शाही सम्पर्क विहीन भएपछि १५ वैशाखमा सभामुखले संसद बैठक चलि रहेको अबस्थामा बिचमै २० मिनेटको लागि भन्दै स्थगित गरेका थिए भने पछि सूचना टाँस गरी अनिश्चित कालको लागि भन्दै संसद स्थगित गरेका थिए । जनमोर्चा सचेतक पियारी थापाले सांसद शाहीको अवस्था सार्वजनिक नहुँदासम्म संसद रोक्न माग गर्दै निवेदन समेत दिएकी थिइन्।

६० सदस्यीय गण्डकी प्रदेश सभामा अविश्वास प्रस्ताव पारित हुन ३१ मत आवश्यक पर्छ। जनमोर्चाका ३ सांसद सत्ता जोगाउने वा नयाँ सरकार परिवर्तन गर्ने त्यसको चाबी चनमोर्चाको हातमा रहेको छ।

प्रदेश सभामा नेकपा एमालेको २७, १ स्वतन्त्र, कागेंसको १५, माओबादी केन्द्र १२, जसपा २, जनमोर्चाका ३ जना सांसद रहेका छन्। सत्ता टिकाउने बिषयमा केही दिन अघि प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रधानमन्त्री केपी शर्मा ओलीसंग भेटवार्ता समेत गरेका थिए।

## सात हजार ४४८ जना संक्रमित, ३७ को निधन

रासस
काठमाडौं, २० बैशाख

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा सोमबार मात्र सात हजार ४४८ जना कोरोना भाइरस सङ्क्रमित भएकोमा तीन हजार ६६६ जना काठमाडौँ उपत्यकाका रहेका छन्।

काठमाडौँ जिल्लामा दुई हजार ९२२, ललितपुरमा ५२२ र भक्तपुरमा २२२ जना सङ्क्रमित भएका छन् । सोमबार देखिएका सङ्क्रमित अहिलेसम्मकै देशभरिमा र उपत्यकामा सबभन्दा बढी हो। अहिलेसम्म नेपालमा तीन लाख ४३ हजार ४१८ सङ्क्रमित भएका छन् । सोमबार एकै दिन ३७ जनाको कोरोना भाइरस सङ्क्रमणबाट निधन भएको छ।

## यातायात व्यवसायीहरुद्धारा मन्त्री दिपक मनाङ्गेसँग अर्न्तक्रिया

पोखरापत्र संवाददाता
पोखरा, २० बैशाख



पोखरा। युवा तथा खेलकुद मन्त्री राजीव गुरूङ उर्फ दिपक मनाङ्गेसँग फाईन आर्टस् यातायात प्रा.लि.का संचालक, पदाधिकारीहरुले आइतबार अन्तक्रिया गरेका छन्।

नवनियुक्त गण्डकी प्रदेश सरकारका मन्त्री गुरूङले आँफुले पनि पहिले बस तथा ट्याक्सी व्यवसाय सञ्चालन गरेको तर पछि बाध्यताले छोड्न परेको बताउदै यातायात व्यवसायमा लाग्ने युवाहरुलाई हरेक क्षण आफ्नो साथ र सहयोग रहने वताउनु भएको थियो।

शान्ति पर्यटन र कला प्रवर्द्धनको लागि संचालित फाईन आर्टस् यातायात प्रा.लि.का अध्यक्ष ज्योति हमालले पोखरामा स्थापित भएका यातायात व्यवसायीहरु संग प्रतिस्पर्धा गर्न चुनौती रहेको वताउँदै अन्य यातायात व्यवसायीका सवारी साधनहरुलाई पनि वसपार्क लगाएत मुख्य चोकहरुमा ५ मिनेट मात्रै पनि गाडीहरु रोक्न पाउने व्यवस्था गर्न अनुरोध गर्नुभएको थियो।

साथै उनले विदेशबाट आयात हुने खादाको प्रयोगले वातावरण प्रदुषित हुने र अनावश्यक वस्तुमा राज्य कोषबाट बार्षिक करोडौं रुपैंया बाहिरिने भएकोले खादाको प्रयोग बिना पनि बधाई तथा

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# मलामी गएका एकै गाउँका ३१ जनामा संक्रमण

**रासस**
**काठमाडौं, २० बैशाख**

गत बुधबार कोरोनाबाट मृत्यु भएका व्यक्तिको मलामी गएका महोत्तरी जिल्लाको एकै गाउँका ३१ जनामा कोरोना सङ्क्रमण देखिएपछि गाउँभरि त्रास फैलिएको छ । जिल्लाको मनरासिस्वा नगरपालिका-९ स्थित बथनाहा गाउँमा एकैसाथ ३१ जनामा कोरोनाको सङ्क्रमण देखिएपछि गाउँभरि नै त्रास फैलिएको स्थानीयवासीले बताएका छन् ।

गत बुधबार स्थानीय ६६ वर्षीय एक वृद्धको कोरोनाबाट मृत्यु भएकामा उनको मलामीमा सहभागी ३१ जनामा कोरोनाको सङ्क्रमण देखिएको छ । मलामीमा गएका ६०/७० जनामध्ये ४५ जनाले पिसिआर जाँच गराउँदा ३१ जनामा कोरोना पोजेटिभ देखिएको हो ।

कोरोना सङ्क्रमणबाट दुईको मृत्यु

जिल्लाको जलेश्वर नगरपालिकामा गएराति कोरोना सङ्क्रमणबाट दुईको मृत्यु भएको छ । भारतबाट आवागमन खुल्ला रहेको अवस्थामा भारतमा आफ्ना नातेदार कहाँ बिहेमा सहभागी जलेश्वर नगरपालिका-२ बस्ने ५५ वर्षीय एक महिलाको गएराति काठमाडौँमा उपचारका क्रममा मृत्यु भएको हो । त्यस्तै जलेश्वर नगरपालिका-२ बस्ने अर्की एक महिलाको पनि धरानमा उपचारका क्रममा मृत्यु भएको छ । यसअघि महोत्तरीको विभिन्न ठाउँमा कोरोना सङ्क्रमणबाट पाँच जनाको मृत्यु भइसकेको छ ।

निषेधाज्ञा जारी

जिल्लामा कोरोना सङ्क्रमणको दर अत्यधिक वृद्धिसँगै जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाभर निषेधाज्ञा जारी गर्ने निर्णय गरेको छ । जिल्ला प्रशासन कार्यालयमा बसेको जिल्लास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन समितिले जिल्लाको १० नगरपालिका र पाँच गाउँपालिकाभरि नै लागू हुने गरी यही वैशाख २२ गते बिहान ६ देखि ३१ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा जारी गर्ने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी तीर्थराज भट्टराईको अध्यक्षतामा बसेको बैठकले पहिलो चरणमा जिल्लामा १० दिनका लागि निषेधाज्ञा जारी गरी कोरोनाको 'चेन ब्रेक' गरी सङ्क्रमण न्यूनीकरण तथा रोकथामको प्रयास थालनी गरिएको छ । बैठकले जिल्लाको १५ वटै पालिकालाई अक्सिजनसहितको आइसोलेशन सञ्चालन गर्न, आवश्यक स्वास्थ्य सामग्री खरीद गर्न, सबै अस्पताल सञ्चालन गर्न, कार्यालय तथा व्यापार व्यवसायहरू सञ्चालन गर्दा स्वास्थ्यका मापदण्ड पूरा गर्न, सङ्कटको बेला उपभोक्तालाई ठगी नगर्न जस्ता निर्देशनहरूसमेत जारी गरेको छ ।



पत्रकारलाई स्वास्थ सामग्री वितरण : पत्रकार महासंघ कास्कीद्वारा विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा कोभिड- १९ को जोखिम न्यूनीकरणका लागि पत्रकारलाई स्वास्थ सामग्री मास्क र स्यानिटाइजर वितरण गर्दै पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी । तस्वीर : जमुना वर्षा शर्मा

# दमौली अस्पतालमा आईसीयू र भेन्टिलेटर कक्ष तयार

**पोखरापत्र संवाददाता**
**दमौली, २० बैशाख**

तनहुँको सदरमुकाममा अवस्थित दमौली अस्पतालले सात आईसीयू र चार वटा भेन्टिलेटरसहितको शय्या तयार पारेको छ । नयाँ भेरियेन्टसहितको कोरोना सङ्क्रमण बढिरहेको अवस्थामा अस्पतालले आईसीयू र भेन्टिलेटर कक्ष तयार पारेको हो ।

स्वास्थ्य मन्त्रालयको आर्थिक सहयोगमा अस्पतालले आईसीयू र भेन्टिलेटरको व्यवस्थापन गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीले जानकारी दिनुभयो । उक्त आईसीयू र भेन्टिलेटर व्यवस्थापनका लागि मन्त्रालयले अस्पताललाई रु दुई करोड बजेट उपलब्ध गराएको थियो । आईसीयू र भेन्टिलेटरको व्यवस्था भएपछि अब कोभिडका गम्भीर प्रकृतिका बिरामीलाई पनि बाहिर पठाउनु नपर्ने दमौली अस्पतालका प्रमुख डा सुनिल पौडेलले जानकारी दिनुभयो । नयाँ उपकरणको जडान गरिएको भएपनि जनशक्ति भने साविककै दरबन्दीबाट मिलाउनु परेको उहाँले बताउनुभयो । दमौली अस्पताल परिसरमा अक्सिजन प्लान्ट निर्माण प्रक्रिया पनि शुरु भएको छ । गण्डकी प्रदेश सरकारले अक्सिजन प्लान्ट निर्माणका लागि चालु आर्थिक वर्षमा रु ७५ लाख बजेट उपलब्ध गराएको छ । उक्त प्लान्ट निर्माणका लागि टेन्डर प्रक्रिया पूरा भई सम्झौता भइसकेको छ । ढिलोमा जेठ महिनाभित्र अक्सिजन प्लान्ट निर्माण गरी अक्सिजन उत्पादन थालिने अस्पतालले जनाएको छ ।

जिल्लास्तरीय अस्पतालमा सघन उपचार कक्ष नहुँदा पोखरा, भरतपुर वा काठमाडौँ पुगेर स्वास्थ्य सेवा लिनुपर्दा स्थानीयवासीलाई आर्थिक भारसमेत पर्दै आइरहेको छ । पछिल्लो समय अस्पतालले विभिन्न सेवा थप गर्दै लगेको छ । अस्पताललाई व्यवस्थित एवं अत्याधुनिक बनाउने प्रयासस्वरूप थाइराइड, आँखा र दाँत सेवा शुरु भइसकेको छ । दमौली अस्पतालबाटै थाइराइड सेवा शुरु भएपछि सर्वसाधारण यसको उपचारका लागि महङ्गो शुल्क तिरेर अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य भएको छ । गण्डकी प्रदेश सरकारले रु दश लाख मूल्य पर्ने थाइराइड परीक्षण उपकरण उपलब्ध गराएको थियो ।

त्यस्तै अस्पतालमा नयाँ दाँत हाल्ने सेवा पनि थप गर्न लागिएको छ । हाल उक्त सेवा बाहेक सबै दाँतका सेवा अस्पतालबाट प्रदान भइरहेको छ । दाँतको उपचारका लागि डिजिटल एक्सरे मेसिन सञ्चालनमा ल्याइएको छ । उक्त मेसिन खरिदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले रकम उपलब्ध गराएको थियो । उक्त मेसिनको करिब रु ५० लाख मूल्य पर्छ । विसं २०५९ सालमा अस्पतालको रूपमा स्तरोन्नति भएको दमौली अस्पताल उपकरण थप्ने प्रयासमा जुटेको छ । १५ शय्याको अस्पताललाई ५० शय्यामा स्तरोन्नतिका लागि प्रदेश सरकार मातहत रहेका दुई सरकारी कार्यालयको जग्गा उपलब्ध गराइदिन माग गरिएको छ । विसं २०३४ सालमा स्वास्थ्यचौकीको रूपमा स्थापना र विसं २०५५ सालमा प्राथमिक स्वास्थ्य केन्द्रको रूपमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ सालमा अस्पतालको रूपमा स्तरोन्नति भएको थियो ।

# जन्मदिनमा 'विपन्न अपाङ्ग'हरुलाई 'विश्वास'को सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २० बैशाख**



जन्मदिन, सबैको बिशेष दिन । हरेकलाई आफ्नो जन्मदिन महत्वपूर्ण हुन्छ । जन्मदिनमा परिवार, साथीभाईसँग 'गेट टुगेदर' त भइ नै हाल्यो, सामाजप्रतिका उत्तरदायित्व पनि बोध गर्न थालेका छन् युवाहरु । धेरथोर सकेको सहयोग गरौँ भन्ने भावना पछिल्ला दिनहरुमा बढ्दै गरेको पाइन्छ ।

यहि भावना आत्मासात् गरेकापोखरा ३०का बिश्वास गौतमले जन्मदिनको अवसरमा सहयोग गरेका छन् । गौतमले पोखरा २१का विपन्न अपाङ्गहरुलाई सोमबार खाद्यान्न सहयोग गरेका हुन् । कोभिड १९को महामारीले निम्त्याएको संकटमा रहातको मल्हम बोकेर उनी सोमबार पोखरा २१ कृस्ती स्थित वडा कार्यालय पुगे । 'हामीले वडा कार्यालयको समन्वयमा बिशेषतः अपाङ्गहरुलाई लक्षीत गरेर सहयोग गरेका हौँ । आर्थिक अवस्था अत्यन्तै न्यून भएका अपाङ्गहरुलाई यो महामारीको बेला त झन् अप्ठ्यारो हुन्छ । आज, जन्मदिन पनि हो । यहि मेसोमा सहयोग गर्ने सु अवसर पनि प्राप्त भएको छ,' गौतमले सुनाए । गौतमले २० बोरा चामल, तेल, दाल, नुन लगायतका खाद्यान्न सामाग्री सहयोग गरेका हुन् । पोखरा २१ का वडाध्यक्ष खगराज आचार्यले युवाहरुसमाज रुपान्तरण र बिकासका लागि एक्सनमा उत्रिनुपर्नेमा जोड दिए । गौतमलाई शुभकामना एवं धन्यवाद दिँदै वडाध्यक्ष आचार्यले भने, 'हामी बोल्नेमात्रै भन्दापनि एक्सनमा उत्रन जरुरी छ । युवाहरुको यसप्रकारको सहयोगको भावनालाई म सेलुट गर्दछु ।' सहयोग हस्तान्तरणका क्रममा बोल्दै पोखरा २१ कोभिड १९ सहयोग उपसमितिका संयोजक अर्जुन गिरीले सहयोगका लागि धन्यवाद दिए ।

कोभिड महामारीको घडीमा यस प्रकारको सहयोग अति आवश्यक रहेको उनले बताए । कार्यक्रममा पोखरा ३०का प्रकाश गुरुङ, रोशन भण्डारी लगायतको उपस्थिती रहेको थियो भने कार्यक्रमको सहजीकरण पोखरा २१ कोभिड १९ सहयोग उपसमिति सदस्य सिता बिकले गरेकी थिइन् ।

# यातायात...

शुभकामना गर्न सकिने भएकोले वधाई दिन आउँदा खादा नलिई आएको पनि वताउनु भएको थियो ।

जय कला क्रान्तिको लोगोको अर्थ प्रष्ट पार्दै फाईन आर्टस् यातायात प्रा.लि.का संरक्षक विश्वकला यात्री प्राज्ञ नगेन सिंहले विश्वमा शान्ति ल्याउनका लागि अगाडि बढेको जानकारी दिनुभयो ।

हाल प्रालिले नेपालभित्र पोखरादेखि काठमाण्डौ, सुनौली, दाङ, धरान र भारतको दिल्लीसम्म गाडिहरु संचालन गर्दै आएको छ ।

फाईन आर्टस् यातायात प्रा.लि.का महासचिव नवीन थापा, व्यवस्थापक खुमबहादुर भुजेल, ईन्चार्ज अर्जुन गुरुङ्गलगाएतले युवा व्यवसयीहरुलाई साथ सहयोग हुने नीति तथा कार्यक्रम ल्याउन मन्त्रि मनाङ्गेलाई आग्रह गरेका थिए ।

# भारतमा एकै दिन कोभिडबाट तीन हजार ४१७ को मृत्यु, तीन लाख ६८ हजार संक्रमित

**रासस**
**काठमाडौं, २० बैशाख**

भारतमा कोरोनाभाइरस (कोभिड-१९) को संक्रमणबाट पछिल्लो २४ घण्टामा तीन हजार ४१७ जनाको मृत्यु भएको छ ।

भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार २४ घण्टाको अवधिमा तीन लाख ६८ हजार नयाँ संक्रमित भेटिएका छन् । यो सहित भारतमा कूल संक्रमितको संख्या एक करोड ९९ लाख पुगेको छ । गत शनिबार दैनिक संक्रमितको संख्या चार लाख नाघेको थियो तर आइतबार केही कमी आएको छ । भारतमा कोभिड संक्रमणबाट हालसम्म दुई लाख १८ हजार ९५९ जनाको ज्यान गएको छ । मन्त्रालयका अनुसार भारतमा अझै पनि ३४ लाखभन्दा बढी व्यक्ति सक्रिय संक्रमितको अवस्थामा छन् । गत २४ घण्टामा तीन लाख व्यक्ति संक्रमणमुक्त भएका छन् । यो सहित भारतमा कूल संक्रमितमध्ये १ करोड ६२ लाख संक्रमणमुक्त भएका छन् ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदका अनुसार, भारतमा हालसम्म २९ करोड नमुना परीक्षण गरिएको छ । आइतबार मात्र भारतमा १५ लाख नमुना परीक्षण गरिएको छ । पछिल्ला दिनमा आक्रामक रुपमा कोभिड खोप अभियान सञ्चालन गरेको भारतमा हालसम्म १५ करोड ७२ लाखलाई खोप दिइएको छ । भारतमा कोभिडको दोस्रो लहरले पूरै देशमा संकटको अवस्था सिर्जना गरेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार, कोरोनाभाइरस महामारीबाट विश्वभर कोभिड-१९ को संक्रमणबाट मृत्यु हुनेको संख्या ३२ लाख १६ हजार नाघेको छ । कोभिडको संक्रमणबाट संयुक्तराज्य अमेरिकामा ५ लाख ९१ हजार, ब्राजिलमा ४ लाख ७ हजार, भारतमा २ लाख १८ हजार, मेक्सिकोमा २ लाख १७ हजार, बेलायतमा १ लाख २७ हजार, इटालीमा १ लाख २१ हजार, रसियामा १ लाख १० हजार, फ्रान्समा एक लाखको मृत्यु भएको छ ।

# विद्यालय भवन पुनर्निर्माण ९० प्रतिशत सम्पन्न

**पोखरापत्र संवाददाता**
**लमजुङ, २० बैशाख**

गोरखा भूकम्प गएको छ वर्षको अवधिमा यहाँ ९० प्रतिशत विद्यालय भवनको पुनर्निर्माण सम्पन्न भएको छ ।

विसं २०७२ वैशाख १२ गते गएको भूकम्पले क्षति बनाएका १५६ वटा विद्यालयमध्ये १०६ वटा विद्यालयका भवन पुनर्निर्माण भएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइले जनाएको छ । एकाइका प्रमुख अशोक पराजुलीले जिल्लामा १० प्रतिशत अर्थात् ५७ वटा विद्यालय भवन मात्र पुनर्निर्माण गर्न बाँकी रहेको जानकारी दिए । कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/२०७७ मा २२ वटा, आव २०७५/७६ ६८ वटा, आव २०७४/७५ मा आठ वटा र आव २०७३/२०७४ मा ८ वटा विद्यालय भवन पुनर्निर्माण सम्पन्न भएको थियो । जिल्लामा ६९ शौचालय पुनर्निर्माण गर्नुपर्नेमध्ये ४० शौचालय पुनर्निर्माण भएको छ भने २९ शौचालय निर्माणाधीन रहेको छ । त्यस्तै ३६ वटा खानेपानी पुनर्निर्माण गर्नुपर्नेमध्ये पाँच खानेपानी धारा सम्पन्न भएको र २९ वटा खानेपानी निर्माणाधीन रहेका छन् ।

ती निर्माणाधीन सबै योजना यस चालू आर्थिक वर्षको असार महिनाभित्रै सम्पन्न गर्दै विद्यालय पुनर्निर्माणको कार्य सम्पन्न गर्ने एकाई प्रमुख पराजुलीले बताए ।

# बिहेको भोज खाँदा तनहुँमा ३५ बिरामी

**पोखरापत्र संवाददाता**
**तनहुँ, २० बैशाख**

व्यास नगरपालिका-१४ स्थित छाब्दीमा बिहेभोज खाएर करिब ३५ जना बिरामी परेका छन् ।


स्थानीयवासी शरणहरि पन्थको घरमा बिहेभोज खाएर फर्केका व्यक्ति बिरामी परेका हुन् । बिरामी परेका व्यक्तिमा पखाला, बान्ता र कसैकसैलाई ज्वरो आउनेलगायतका लक्षण देखिएको बताइएको छ । शुक्रबार बिहेपश्चात शनिबार भोज कार्यक्रम राखिएकामा त्यस भोजमा गएर खाना खाने ८० प्रतिशत मानिस बिरामी परेको छाब्दीस्थित सहारा हेल्थ केयरका स्वास्थ्यकर्मी शैलेन्द्र हडखलेले जानकारी दिनुभयो । चार जना अलि गम्भीर प्रकृतिको रहेकाले उनीहरूलाई स्लाइन चढाएर उपचार भइरहेको उहाँले बताए । यसरी बिरामी भएर गम्भीर रहेका व्यक्तिको सोमबार स्वाब सङ्कलन गरी कोरोना परीक्षण गर्ने गरी नगरपालिकाको स्वास्थ्य शाखामा नामावली पठाइएको उनले बताए । नगरपालिकाका स्वास्थ्य प्रमुख प्रमोद सोतीले यस विषयमा थप जानकारी लिने काम भइरहेको बताए ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

तिमी समस्यावाट भाग्न सक्दैनौ किनाकि त्यसवाट भागेर जाने कुनै ठाउा छैा । - अंकल रेमस

## सम्पादकीय

# घोषणा कार्यान्वयन गर

नेपालमा कोरोना संक्रमण दर दिनप्रतिदिन बढ्दै गएको छ। पछिल्लो २४ घण्टामा ७ हजार ४ सय ४८ जना कोरोना संक्रमित भएका छन । यो हालसम्मको सबैभन्दा धेरै हो । १६ हजार ६ सय ५८ पिसिआर र ५ सय १८ एण्टिजेन परिक्षण गर्दा ७ हजार ४ सय ४८ मा कोरोना संक्रमण देखिनु अवस्था गम्भीर हुँदै गएको देखाउँछ । मृत्यु पनि त्यही अनुसार बढ्दै गएको छ ।२४ घण्टामा ३७ जनाको मृत्यु भएको छ। कोरोना भाइरसको दोस्रो लहर फैलिएपछि सरकारले प्रदेश र राजधानीमा एक हजार शैयाको अस्थायी अस्पताल बनाउने घोषणा गरेको छ। सरकारले जनताको जीवन जोगाउन ध्यान केन्द्रीत नगरेको भनी आलोचना बढ्न थालेपछि चासो बढाएको छ । राजनीतिक दलहरू कोभिड नियन्त्रणमा भन्दा सत्ता फेरबदलमा तल्लीन छन। सरकार सत्ता जोगाउन लाग्दा जनताको जीवन माथि खेलवाड भएको छ । सरकार जनताप्रति उत्तरदायी हुन थालेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नागरिकको जीवन रक्षा सरकारको पहिलो दायित्व भएको बताएका छन । राष्ट्रको नाममा संबोधन गर्दै प्रधानमन्त्रीले दोस्रो लहर नियन्त्रणका लागि सरकारका सबै संयन्त्र परिचालन गरिएको बताएका छन।  हवाई उडान रोक्ने, निषेधाज्ञालाई कडाई गर्नेलगायतका निर्णयहरु कोरोना नियन्त्रणका लागि हुन । प्रदेश र राजधानीमा एक हजार शश्याको अस्थायी अस्पताल बनाउन नेपाली सेनालाई जिम्मा दिइएको छ। 'वीर अस्पतालको नयाँ भावन, नेपाली सेनाको त्रिचन्द्र मिलिटरी अस्पताल, काठमाडौं उपत्यकाका धेरै शय्या भएका मेडिकल कलेज, ठूला सरकारी तथा निजी अस्पताललाई कोभिड अस्पतालका रुपमा सञ्चालन गरिने प्रधानमन्त्रीको घोषणाले जनतामा विश्वास जगाएको छ।'

प्रदेश सरकारले पनि मेडिकल कलेज र ठूला अस्पताललाई कोभिड अस्पताल र साना अस्पताललाई ननकोभिड अस्पतालका रुपमा सञ्चालन गर्ने घोषणा सकारात्मक हो। सबै सार्वजनिक स्थल, सभाहल, रंगशाला, होटल, पार्टी प्यालेस, कारखाना तथा गोदामघर लगायतका संरचना प्रयोग गरी सुविधायुक्त क्वारेन्टिन, आइसोलेन तथा होल्डिङ सेन्टर बनाइने  जानकारीले आशाको संचार गरेको छ । यी काम कति चाँडो कार्यान्वयनमा आउछन् त्यसमा निर्भर हुन्छ । ठूला अस्पताल तथा मेडिकल कलेजमा मेडिकल प्लान्ट स्थापना गर्ने, सञ्चालनमा नआएकाहरुलाई ममर्त गर्ने र लिक्विड अक्सिजनको निर्यात रोक्ने निर्णय स्वागतयोग्य छा। देशभरका अक्सिजन प्लान्टबाट उत्पादित अक्सिजन हाललाई अस्पताल र उपचार प्रयोजनका लागि मात्र प्रयोग गर्ने गरी अन्य क्षेत्रमा आपूर्ति गर्न रोक लगाइएको छायश निर्णयको पालना हुन सकेमा राहत पुग्छ।

जनशक्ति अभाव हुन नदिन अवकाश प्राप्त चिकित्सक र अन्य स्वाथ्यकर्मीलाई एक वर्षका लागि करारमा भर्ना गर्ने तथा फ्रन्टलाइनमा खटिने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतलाई सुरुको तलब स्केलको ५० प्रतिशत जोमिख भत्ता दिनुका साथै विमा र परिवारको उपचार गर्ने सान्दर्भिक र गर्नैपर्ने हुन । प्रधानमन्त्रीले गरेका घोषणा कार्यान्वयन गर्न राजनीतिक दल,नागरिक समाज र राज्यका सबै संयन्त्र परिचालित हुनुपर्छ। त्यो वातावरण सरकारले बनाउन सकेमा जनताले निरशाका बीचमा पनि आशावादी बन्नेछन्।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : शारिरीक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बड्ने |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# संख्यासँगै दायरा बढाउँदै दोस्रो लहरको कोरोना

–नारायण ढुङ्गाना
काठमाडौं, २० बैशाख

वैशाखको पहिलो साता बागलुङको बलेवास्थित नारायणस्थानको एक विद्यालयमा ठूलो सङ्ख्याका विद्यार्थी र शिक्षकमा एक्कासी कोभिड-१९ देखिएको खबर आयो।

सङ्क्रमणको जालो च्यात्न तत्कालै त्यहाँको स्थानीय प्रशासनले स्कुल र स्कुलसँग जोडिएको परिवार बसोबास गर्ने क्षेत्र तोकेर वैशाख ७ गते निषेधाज्ञा नै जारी गर्‍यो । बागलुङ्का प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की उक्त घटना स्मरण गर्दै भन्नुहुन्छ, "हामीले 'चेन ब्रेक' गर्न तत्कालै उक्त निर्णय गरेका थियौँ, त्यो सफल भएको अनूभूति पनि छ।" उहाँका अनुसार अहिले जिल्लामा सक्रिय सङ्क्रमित १०९ जना छन् । ती विद्यार्थीमध्ये धेरै निको भएर घर गएसकेका छन्।

बागलुङपछि कालिकोटमा वैशाख ९ गते एक जनामा सङ्क्रमण देखियो । उनीसँग सम्पर्कमा रहेका व्यक्तिको परीक्षण गर्दा १० गते थप चार जनामा देखिएपछि सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को अधिकार प्रयोग गर्दै प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले क्षेत्र तोकेर हिँडडुल गर्न  नपाउने गरी आदेश जारी गर्नुभयो। उक्त अधिकार वैशाख ६ गते बसेको मन्त्रिपरिषदको निर्णयले प्रजिअलाई दिइसकेको थियो।

त्यसबेलासम्म मुलुकका अन्य केही जिल्लामा सङ्क्रमितहरू बढ्दै थियो । भारतमा भयावहस्थिति आइसकेकाले त्यहाँबाट फर्किएका मानिस विना परीक्षण गाउँगाउँ पुगिरहेका थिए । विडम्बना के छ भने उनीहरूबाटै नेपालमा यो भाइरस फैलिन पुगेको जनस्वास्थ्यविद् बताउँछन्।

त्यसको दुई हप्ता पुग्दै आजसम्म ४१ जिल्लामा निषेधाज्ञ जारी भइसकेको छ । यो क्रम दैनिक बढिरहेको छ। आदेश जारी भएका जिल्लामा अत्यावश्यक बाहेककका सेवा र गतिविधि गर्न पाइँदैन । यसो गर्दा सङ्क्रमण फैलिनबाट रोकिएर 'चेन ब्रेक' हुन्छ भन्ने विश्वास छ।

मुलुकमा नयाँ भेरियन्टसहित दोस्रो लहरको कोभिड-१९ सङ्क्रमणमा भइरहेको भारी वृद्धिसँग यसको क्षेत्र पनि विस्तार भइरहेको हाल जारी गरिएको निषेधाज्ञले पुष्टि गर्छ । स्वास्थ्य विज्ञले छिटो गतिमा सङ्ख्या र क्षेत्र विस्तार भइरहेको बताएका छन् । शुरुवाती चरणमा शहरबजारमा बढी सङ्क्रमित देखिएकामा अहिले भित्र बजार तथा गाउँगाउँमा समेत देखिन थालेकाले जोखिम बढ्दै गएको छ। जसका कारण अहिले अस्पतालमा आइसियु, भेन्टिलेटर र अक्सिजन पाउन समेत समस्या भइरहेको छ। वर्तमान विषम परिस्थितिमा बढ्दो जोखिमको आँकलन गरेर उपयुक्त आदेश जारी गर्दै नियन्त्रणमा खटिन ७७ वटै जिल्लालाई निर्देशन दिइसकिएको गृह मन्त्रालयलका प्रवक्ता जनकराज दाहाल बताउनुहुन्छ।

सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन, २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौँ उपत्यका तथा तराईमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्र तोकी प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा वा अन्य आवश्यक आदेश जारी गर्न सक्ने अधिकार दिइसकेको छ । नेपालमा विसं २०७७ फागुनपछि विस्तारै दोस्रो लहरको सङ्क्रमणले गति लिएको थियो । चैतको अन्तिमसम्म केही सय सङ्क्रमित देखिएकोमा वैशाखको पहिलो साताबाट एक्कासी बढ्न थालेको हो । "सङ्क्रमित सबै जिल्लामा देखिएका छन् तर एक्कासी सङ्क्रमित बढ्ने क्षेत्र पनि विस्तार भइरहेको छ", स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले भन्नुभयो, "विस्तारै गाउँगाउँ र भित्री शहरमा बढ्दो छ।" उहाँले सङ्ख्यासँगै त्यसको दायरा पनि बढ्दै गएको बताउनुभयो । वैशाख १३ गतेदेखि भने धमाधम प्रजिअबाट निषेधाज्ञा जारी गर्ने क्रम ह्वात्तै बढ्यो । बाँकेको नेपालगञ्ज नराम्ररी प्रभावित भएपछि १३ गतेबाटै लागू हुने गरी निषेधको आदेश जारी गरिएको थियो। सुर्खेतमा १४ गते रातीबाट आदेश जारी भयो। वैशाख १६ गतेबाट काठमाडौँ उपत्यकाका तीन जिल्लालगायत विभिन्न जिल्लाले निषेधाज्ञा जारी गरे । आइतबार विहानसम्म यसरी आदेश जारी गर्ने जिल्ला ४१ वटा पुगेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको शनिबारसम्मको अभिलेख अनुसार प्रदेश १ को मोरङ, प्रदेश २ को पर्सा, वागमती प्रदेशको काठमाडौँ, भक्तपुर, ललितपुर र चितवन, गण्डकी प्रदेशको कास्की, लुम्बिनी प्रदेशको दाङ, बाँके र रुपन्देही, कर्णाली प्रदेशको सुर्खेत र सुदुरपश्चिम प्रदेशको कैलालीमा ५०० भन्दाबढी सक्रिय सङ्क्रमित छन्। यस्तै २०० भन्दा माथि सक्रिय सङ्क्रमित रहेका जिल्लामा प्रदेश १ को सुनसरी र झापा, प्रदेश २ को बारा, धनुषा र रौतहट, वागमती प्रदेशको मकवानपुर, काभ्रेपलाञ्चोक र नुवाकोट, गण्डकी प्रदेशको गोरखा, नवलपरासी पूर्व र बाग्लुङ, लुम्बिनी प्रदेशको पाल्पा, बर्दिया, कपिलवस्तु र नवलपरासी पश्चिम तथा सुदुरपश्चिम प्रदेशको कञ्चनपुर छन्। यी दुई सय सक्रिय सङ्क्रमित रहेका जिल्लामा क्रमश ५०० माथि पुग्ने क्रम जारी छ भने २०० भन्दा कम सक्रिय सङ्क्रमित रहेका जिल्लामा पनि क्रमश वृद्धि भइरहेको छ । सङ्क्रामक रोग विशेषज्ञ डा अर्चना श्रेष्ठका अनुसार पछिल्लो तथ्याङ्कले नेपालमा २२८ प्रतिशतले सङ्क्रमण वृद्धि भइरहेको देखाएको छ। यो गति विश्वका अन्य मुलुकको भन्दा उच्च हो र भारतको भन्दा बढी हो, भन्नुहुन्छ श्रेष्ठ । विज्ञहरू नागरिक आफैँ सचेत नहुने हो भनेस्थिति थेग्न गाह्रो हुने आँकलन गर्न थालिसकेका छन् । स्वास्थ्य मन्त्रालयले विज्ञप्ति नै जारी गरेर अस्पतालले थेग्न नसक्ने अबस्था आउन लागिसकेको भन्दै चेतावनी दिइसकेको छ।

मुलुकमा शनिबारसम्म तीन लाख २८ हजार ८९३ जना सङ्क्रमित भएकामा दुई लाख ८२ हजार निको भएर घर फर्किएका छन् । निको हुने दर झण्डै ८६ प्रतिशत छ। यो प्रतिशत पछिल्लो समयमा घट्दो क्रममा रहेको छ। हालसम्म झण्डै तीन हजार ३०० को मृत्यु भइसकेको छ।

विश्वमा भने १५ करोड २० लाख बढी सङ्क्रमित भएकामा झण्डै ३२ लाखको मृत्यु भइरहेको छ। हाल झण्डै दुई करोड सक्रिय सङ्क्रमित छन्।

### नेपालमा सङ्क्रमणको शुरुआत

चीनको वुहान नै कोभिड १९ सङ्क्रमणको मुहान मानिन्छ। त्यहाँबाट  आएका एक नेपालीमा विसं २०७६ माघ ९ मा कोभिड-१९ पुष्टि भएको थियो । चीनबाट आएपछि उनी पुस १६ मा चिकित्सकको सम्पर्कमा गएकामा पुस २८ गते भर्ना भएका थिए । माघ ९ गते उक्त भाइरस रहेको पुष्टि गरिएको थियो। पुष्टि गर्न विश्वस्वास्थ्य सङ्गठनको हङकङस्थित प्रयोगशालामा परीक्षण गराउनु परेको थियो।

त्यसपछि फ्रान्सबाट कतारको दोहो हुँदै नेपाल आएकी युवतीमा चैत १० मा दोस्रो कोभिड-१९ पुष्टि भएको थियो । उहाँ चैत ४ गते नेपाल आउनुभएको थियो । चैत १२ गते तेस्रो व्यक्तिमा देखिएको थियो । पहिलोपटक चीनको वुहानमा सन् २०१९ को डिसेम्बर ३१ मा कोभिड-१९ मानिसमा लागेकोपुष्टिभएकोथियो।त्यसपछि युरोप हुँदै अमेरिकामा फैलिएको रोग भारतपछि भने नेपालमा फैलिएको हो । सङ्क्रमणको जोखिम बढेपछि मुलुकमा २०७६ चैत १० बाट हवाई उडान बन्द र ११ गतेबाट बन्दाबन्दी जारी गरी नियन्त्रणको प्रयास भएको थियो।

विसं २०७७ साउन सात गतेबाट बन्दाबन्दी हटाइएको थियो । त्यसपछि सम्बन्धित जिल्लाबाट निषेधको आदेश जारी गरी नियन्त्रणको प्रयास गरिएको थियो। सोही प्रक्रियाद्धारा अहिले पनि नियन्त्रण प्रयास जारी छ।

सन् २००२ मा चीनमा सार्स कोरोना देखिएको थियो । त्यसको पुष्टि २००३ मा डब्लुएचओले गऱ्यो । त्यहाँ आठ हजार जनामा सङ्क्रमण भएकामा ७७४ को मृत्यु भएको थियो। सन् २०१२ मा साउदी अरबमा मर्स कोरोनाको सङ्क्रमण हुँदा मृत्युदर ३५ प्रतिशत थियो। सार्सको मृत्युदर १० प्रतिशत थियो । सन् २०१५ मा दक्षिण कोरियामा पनि देखिएको थियो । अहिलेको मृत्युदर भने तीन प्रतिशत रहेको यसअघि नै विश्वस्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको थियो।

### कोरोनाको असर र सावधानीका उपाय

कोरोना भाइरसले रुघाखोकीदेखि गम्भीर प्रकारको स्वासप्रश्वासको समस्या निम्त्याउन सक्छ । नयाँ भाइरस भएकाले खास उपचार विधि पत्ता लागिसकेको छैन । शुरुवाती चरणको भन्दा अहिलेको सङ्क्रमण कडा खालको र बढी फैलने रहेको चिकित्सकले बताएका छन्।

यसको निदानका लागि अहिले पनि विश्वका वैज्ञानिक औषधिको खोजीमा लागिरहेका छन् । कतिपय खोप प्रयोगमासमेतआइसकेकोछ।शुरुमा जनावरबाट मान्छेमा आएको यो भाइरस पछिल्लो समयमा मान्छेबाट मान्छेमासरेकोविश्वस्वास्थ्यसङ्गठन (डब्लुएचओ) ले पुष्टि गरिसकेको छ । यसको मुख्य लक्षण भनेको ज्वरो आउनु, सास फेर्न अफ्ठ्यारो हुनु र छातीमा सङ्क्रमण हुनु हो। रुघाखोकी जस्तै लक्षण देखिने भाइरस श्वासप्रश्वासबाट, एक जनाले प्रयोग गरेको सामान वा रुमाल प्रयोग गर्दा, हात मिलाउँदा सर्नसक्छ । यसको नियन्त्रणका लागि तत्कालै पहिचान गर्ने, त्यसलाई व्यवस्थापन र निदानात्मक उपाय अपनाउने, सङ्क्रमित व्यक्तिको नजिकका मान्छे खोजेर उनीहरूको निगरानी गर्ने जस्ता उपाय अपनाउनुपर्ने चिकित्सकको सुझाव छ । धेरै भीडमा नजाने, व्यक्तिगत सुरक्षा र सरसफाइमा ध्यान दिने, साबुन पानीले राम्ररी हात धुने, नियमित मास्क लगाउने, दुई मिटर टाढाको सामाजिक (भौतिक) दूरी कायम गर्दा रोगबाट बच्न सकिने बताइन्छ।

# बागलुङका पत्रकारको आफ्नै आइसोलेसन कक्ष

पोखरापत्र संवाददाता
बागलुङ, २० बैशाख

नेपालमा दोस्रो लहरको कोरोना सङ्क्रमणको दर बढ्दै गएको सन्दर्भमा अग्रपङ्क्तिमा खटिने पत्रकारका लागि नेपाल पत्रकार महासङ्घ बागलुङ शाखाले आफ्नै आइसोलेसन कक्ष निर्माण गरेको छ।

शाखाको आफ्नै भवनको सभाहलमा तत्कालका लागि १० शय्याको आइसोलेसन कक्ष निर्माण गरिएको महासङ्घका शाखा अध्यक्ष नरेश कँडेलले बताउनुभयो । उहाँले पत्रकारहरूलाई कोरोनाको बढी जोखिम रहेको र धेरै पत्रकार भाडाको घरमा बसेर काम गर्ने भएकाले कोरोना लाग्दा समस्या भएपछि आफ्नै भवनमा आइसोलेसन कक्ष तयार गरिएको बताउनुभयो।

"पत्रकार अग्रपङ्क्तिमा खटिएर काम गरिरहेका हुन्छन्, कोरोना लागेपछि छुट्टै बस्ने स्थान छैन, अस्पतालमा शय्या नपाइन सक्छ त्यसैले पत्रकारहरूका लागि महासङ्घलेनै आइसोलेसन कक्ष बनाएको छ", अध्यक्ष कँडेलले भन्नुभयो, "जिल्लामा हालसम्म अग्रभागमा खटिने पाँच पत्रकारलाई कोरोना सङ्क्रमण भई निको भइसकेको अवस्था छ, पत्रकारलाई कोरोना सङ्क्रमणको दरअनुसार आइसोलेसन कक्ष व्यवस्थित तथा शय्या विस्तार गर्दै जानेछौँ।"

नवनिर्मित भवनको हलमा हाइसोलेसन कक्ष, शौचालय तथा आवश्यक स्वास्थ्य सुरक्षाका सामाग्रीको व्यवस्था छ। अहिले कुनैपनि पत्रकार सङ्क्रमित नभएपनि कोरोनाको बढ्दो सङ्क्रमणले जस्तोसुकै अवस्था आउन सक्ने भन्दै पूर्वतयारी थालिएको महासङ्घले जनाएको छ । आइसोलेसनलाई अक्सिजनसहित सञ्चालनको व्यवस्थापन गर्न धौलागिरि अस्पतालले सहयोग गर्ने अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र बी पोखरेलले बताउनुभयो । उहाँले पत्रकारहरूले आफ्नो व्यवस्थापन गर्न थालेकामा खुसी व्यक्त गर्दै सङ्क्रमणको दर बढ्दै गएमा अस्पतालमा शय्या अभाव हुने भएकाले अन्य स्थानमा समेत आइसोलेसन कक्ष बनाउनुपर्ने बताउनुभयो । उक्त आइसोलेसनकक्षमानगरपालिकाले स्वास्थ्यकर्मीसमेत खटाउनेछ।

आइसोलेसन कक्षमा आवश्यक स्वास्थ्य सामग्री ब्रदर्श सर्जिकल एण्ड डाइग्नोस्टिक प्रालि बागलुङ्का सञ्चालक नीलकण्ठ शर्माले प्रदान गर्नुभएको छ। उहाँले पत्रकार महासङ्घलाई पाँच लिटर स्यानिटाइजर क्षमताको विद्युतीय स्यानिटाइजर डिस्पेन्सर, २५० थान मास्क, पाँच लिटर स्यानिटाइजर, पल्स अक्सिमिटर, डिजिटल रक्तचाप परीक्षण औजार, डिजिटल थर्मोमिटर र हेण्ड वास एक थान सहयोग गर्नुभएको अध्यक्ष कँडेलले बताउनुभयो।

# स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउन आग्रह

पोखरापत्र संवाददाता
बागलुङ, २० बैशाख

कोभिड-१९ को जोखिम बढेपछि हिमाल पारीको जिल्ला मुस्ताङका सरकारी कार्यालय धमाधम बन्द हुन थालेकाछन् । कर्मचारीमा कोरोना सङक्रमण पुष्टि भएपछि सो जिल्लाका जलश्रोत तथा सिँचाइ सव डिभिजन  र खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय आजदेखि बन्द भएका हुन्।

सिँचाइ सव डिभिजन कार्यालयमा कार्यरत दुई कर्मचारीमा केही दिन पहिला कोरोना सङ्क्रमण पुष्टि भएको थियो । अत्यावश्यक बाहेकका सबै सेवा बन्द गरिएको कार्यालयले जनाएका छन् । कोरोना जोखिम बढेको भन्दै जिल्ला प्रशासन कार्यालयको नियमित सेवा पनि मंगलबारदेखि बन्द गर्ने भएको छ । जोखिम कम गर्न अत्यावश्यक बाहेकका सेवा बन्द गर्न लागिएको प्रशासनले जनाएको छ। प्रशासनका सेवा बन्द गरेको बिषयमा जानकारी गराएको प्रशासनले कहिले सम्म बन्द रहने भन्ने बिषयमा भने जानकारी गराएको छैन् । आइतबार जिप्रकाले प्रकाशित गरेको सूचनामा कोरानाको दोश्रो लहर मुस्ताङ्मा समेत फैलिन थालेको जनाउदै अर्को सूचना जारी नभएसम्म अत्यावश्यक सेवा बाहेक सबै सेवा बन्द गरिएको जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी जगदीश अर्यालद्वारा जारी सूचनामा कोभिड–१९ को बढ्दो सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि जिल्ला स्थित कार्यालय र पसल लगायतका सार्वजनिक स्थलमा आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउन सर्वसाधरणमा अपिल गरेको छ।

# टी ट्वान्टी वरियतामा नेपालको सुधार

रासस
काठमाडौं, २० बैशाख

अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को टी-ट्वान्टी क्रिकेटको वरियतामा नेपालले एक स्थान सुधार गरेको छ । आइसिसीले आज सार्वजनिक गरेको नयाँ वरियतामा नेपाल एक स्थान सुधार गर्दै १३औं स्थानमा उक्लिएको हो। यसअघि नेपाल १४औं स्थानमा रहेको थियो। घरेलु मैदानमा यही वैशाखमा सम्पन्न त्रिकोणात्मक टी-ट्वान्टी सिरिजको उपाधिसमेत नेपालले जितेको थियो।

नेपालको टी-ट्वान्टीमा उत्कृष्ट वरियता ११औं स्थान हो। टी-ट्वान्टीको नयाँ वरियताको पहिलो स्थानमा इङ्ग्ल्यान्ड छ भने दोस्रोमा भारत तथा तेस्रो स्थानमा न्युजिल्यान्ड छ। त्यसैगरी चौथो स्थानमा पाकिस्तान छ भने पाँचौं स्थानमा अष्ट्रेलिया छ।

यस्तै नेपालले एक दिवसीय वरियतामा समेत सुधार गरेको छ। एकदिवसीय वरियतामा नेपाल १६औं स्थानमा छ । यसअघि नेपाल १७औं स्थानमा रहेको थियो । एक दिवसीयको नयाँ वरियतामा न्युजिल्यान्ड शीर्ष स्थानमा छ भने अष्ट्रेलिया दोस्रो तथा भारत तेस्रो स्थानमा छ।

# कारागारमा कैदीबन्दी भेटघाट बन्द

**पोखरापत्र संवाददाता**
**दमौली, २० बैशाख**

नयाँ भेरियन्टसहितको कोरोना जोखिम बढेपछि तनहुँ जिल्ला कारागारमा कैदीबन्दी भेटघाट बन्द गरिएको छ । तनहुँ कारागारले कोरोनाको उच्च जोखिमलाई ध्यानमा राखेर कैदीबन्दी भेटघाटलाई बन्द गरेको हो।

कारागार प्रशासनले गत वर्ष पनि कोरोना सङ्क्रमण उच्च हुँदा केही समयलाई कैदीबन्दी भेटघाट बन्द गरेको थियो। कोरोना जोखिम कम हुँदै गएपछि कैदीबन्दी भेटघाट खुल्ला गरिएकामा हाल जोखिम तीव्र गतिमा बढेकाले भेटघाटलाई पूर्णरू पमा बन्द गरिएको कारागारका निमित्त प्रमुख नारायण अधिकारीले जानकारी दिनुभयो।

"हाल कोरोनाको सङ्क्रमण तीव्र गतिमा फैलिएकाले जोखिम न्यूनीकरणका लागि बाहिरका मान्छेलाई भित्र आउन दिएका छैनौँ", उहाँले भन्नुभयो, "अहिलेसम्म कारागारभित्र सबै सुरक्षित छन् ।" उहाँका अनुसार कारागारमा हाल दुई सय ६६ कैदीबन्दी छन्। जिल्ला कारागारमा केही समयअगाडि मात्रै नयाँ भवन निर्माण सम्पन्न भएको थियो । नयाँ भवन निर्माण सम्पन्न भएपछि केही हदसम्म कैदीबन्दी राख्न सहज भएपनि समस्या भने उस्तै छ । क्षमताभन्दा बढी कैदीबन्दी हुँदा कारागारका कैदीबन्दीलाई विगतदेखि नै समस्या हुँदै आइरहेको छ।

यसैगरी ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेका एक प्रतिवादी दुई महिनापछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा व्यास नगरपालिका-७ पाथ्रा बस्ने ३१ वर्षीय घैँटे भन्ने रोशन गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। गुरुङलाई आँबुखैरेनी गाउँपालिका-४ बेनीटारबाट पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो। पक्राउ परेका गुरुङविरुद्ध आइतबार जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ। विसं २०७७ फागुन २० गते व्यास-७ पाथ्रामा सोही ठाउँ बस्ने २२ वर्षीय किशोरकुमार श्रेष्ठलाई खुकुरी प्रहार गरी घाइते बनाएको अभियोग गुरुङ विरुद्ध छ।

सामान्य रूपमा भएको विवादको घटनामा रिसिइवी साँधेर ज्यान मार्ने उद्देश्यले धारिलो हतियार प्रहार गर्दा श्रेष्ठ घाइते भएको प्रहरीले जनाएको छ । प्रहरीले विभिन्न अपराधमा संलग्न रही फरार रहेका व्यक्तिहरूको खोजीकार्य तीव्र पारेको जनाएको छ।

# मलामी गएका एकै गाउँका ३१ जनामा संक्रमण

**रासस**
**काठमाडौं, २० बैशाख**

गत बुधबार कोरोनाबाट मृत्यु भएका व्यक्तिको मलामी गएका महोत्तरी जिल्लाको एकै गाउँका ३१ जनामा कोरोना सङ्क्रमण देखिएपछि गाउँभरि त्रास फैलिएको छ।

जिल्लाको मनरासिस्वा नगरपालिका-९ स्थित बथनाहा गाउँमा एकैसाथ ३१ जनामा कोरोनाको सङ्क्रमण देखिएपछि गाउँभरि नै त्रास फैलिएको स्थानीयवासीले बताएका छन्। गत बुधबार स्थानीय ६६ वर्षीय एक वृद्धको कोरोनाबाट मृत्यु भएकामा उनको मलामीमा सहभागी ३१ जनामा कोरोनाको सङ्क्रमण देखिएको छ । मलामीमा गएका ६०/७० जनामध्ये ४५ जनाले पिसिआर जाँच गराउँदा ३१ जनामा कोरोना पोजेटिभ देखिएको हो।

कोरोना सङ्क्रमणबाट दुईको मृत्यु

जिल्लाको जलेश्वर नगरपालिकामा गएराति कोरोना सङ्क्रमणबाट दुईको मृत्यु भएको छ। भारतबाट आवागमन खुल्ला रहेको अवस्थामा भारतमा आफ्ना नातेदार कहाँ बिहेमा सहभागी जलेश्वर नगरपालिका-२ बस्ने ५५ वर्षीय एक महिलाको गएराति काठमाडौँमा उपचारका क्रममा मृत्यु भएको हो । त्यस्तै जलेश्वर नगरपालिका-२ बस्ने अर्की एक महिलाको पनि धरानमा उपचारका क्रममा मृत्यु भएको छ। यसअघि महोत्तरीको विभिन्न ठाउँमा कोरोना सङ्क्रमणबाट पाँच जनाको मृत्यु भइसकेको छ।

निषेधाज्ञा जारी

जिल्लामा कोरोना सङ्क्रमणको दर अत्यधिक वृद्धिसँगै जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाभर निषेधाज्ञा जारी गर्ने निर्णय गरेको छ। जिल्ला प्रशासन कार्यालयमा बसेको जिल्लास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन समितिले जिल्लाको १० नगरपालिका र पाँच गाउँपालिकाभरि नै लागू हुने गरी यही वैशाख २२ गते बिहान ६ देखि ३१ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा जारी गर्ने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी तीर्थराज भट्टराईको अध्यक्षतामा बसेको बैठकले पहिलो चरणमा जिल्लामा १० दिनका लागि निषेधाज्ञा जारी गरी कोरोनाको 'चेन ब्रेक' गरी सङ्क्रमण न्यूनीकरण तथा रोकथामको प्रयास थालनी गरिएको छ। बैठकले जिल्लाको १५ वटै पालिकालाई अक्सिजनसहितको आइसोलेशन सञ्चालन गर्न, आवश्यक स्वास्थ्य सामग्री खरीद गर्न, सबै अस्पताल सञ्चालन गर्न, कार्यालय तथा व्यापार व्यवसायहरू सञ्चालन गर्दा स्वास्थ्यका मापदण्ड पूरा गर्न, सङ्कटको बेला उपभोक्तालाई ठगी नगर्न जस्ता निर्देशनहरूसमेत जारी गरेको छ।

# कोरोनाका कारण ५१७ पत्रकार पेशागत सुरक्षाबाट पीडित

**पोखरापत्र संवाददाता**
**दमौली, २० बैशाख**

नेपालमा कोरोना भाइरस सङ्क्रमणको महामारीका समयमा हालसम्म पेशागत सुरक्षाको सन्दर्भबाट पीडितपत्रकारहरूको सङ्ख्या ५१७ रहेको छ । नेपाल पत्रकार महासङ्घ सञ्चार अनुगमन एकाइको तथ्याङ्क हेर्ने हो भने यस वर्ष पत्रकारको पेशागत सुरक्षाका घटना सबैभन्दा बढी देखिएको छ।

यो अवस्थालाई दृष्टिगत गर्दै महासङ्घले सञ्चार संस्थाहरूलाई कोरोनाको बहानामा सञ्चारकर्मीलाई निष्काशन नगर्न, सेवासुविधामा कटौती नगर्न र सञ्चारकर्मीको स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गरेको महासङ्घका अध्यक्ष विपुल पोखरेलले जानकारी दिनुभयो । विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले कोरोनाको सङ्क्रमणका बीचमा पत्रकारिता कर्मलाई निरन्तरता दिनुपर्ने अवस्था एकातिर छ भने यही कोरोनालाई कारण देखाएर सञ्चारगृहबाट पत्रकारलाई विस्थापित गराउने खतरा पनि रहेको उल्लेख गर्नुभयो।

महासङ्घको अभिलेखमा प्रेस स्वतन्त्रतामाथिको प्रहारका घटनाहरू यस वर्ष ४५ छन् । ती घटनाबाट जम्मा ५८४ पत्रकार र तीन सञ्चारसंस्था पीडित बनेका छन्। यस्तै ५८४ पत्रकारमध्ये ७७ पत्रकारहरू महिला रहेका छन् । महासङ्घको अभिलेखअनुसार यस वर्ष छ पत्रकार गिरफ्तारीमा परे भने कब्जा, अवरोधबाट चार पत्रकार पीडित भएका छन् । त्यसैगरी आक्रमणबाट ४८ र दुर्व्यवहार, धम्कीबाट १२ पत्रकार पीडित भएका छन् भने ५१७ पत्रकार विस्थापनमा परेका छन्।

सन् १९९३ मा नामिबियाको विण्डहकमा भएको सम्मेलनले जारी गरेको घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो । त्यही घोषणापत्र जारी भएको दिन अर्थात् मे ३ लाई युनेस्कोको आह्वानमा विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा मनाउन थालिएको हो।

दिवसका अवसरमा अध्यक्ष पोखरेलले नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका निम्ति योगदान पुऱ्याउने सबैप्रति उच्च सम्मान व्यक्त गर्दै सम्पूर्ण पत्रकार एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधरहरूमा बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ।

नेपालमा पनि पत्रकार महासङ्घको आयोजनामा युनेस्कोसँगको सहकार्यमा मे ३ अर्थात् आज भर्चुअलरूपमा अन्तरक्रिया गरिँदै छ। कोरोना सङ्क्रमणका कारण सामूहिकरूपमा भौतिक सहभागिता जनाएर कार्यक्रम गर्न सम्भव नदेखिएकाले कार्यक्रमको स्वरूप परिवर्तन गरेर भर्चुअलरूपमा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न लागिएको महासङ्घले जनाएको छ।

अन्तरक्रियाकै क्रममा नेपालको यो वर्षको प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको अवस्था समेटिएकोप्रतिवेदनपनिसार्वजनिक हुँदैछ। यसैगरी नेपालका विभिन्न तहमा बन्न थालेका नौ कानूनको मस्यौदामाथिको विश्लेषणात्मक टिप्पणीसमेत सार्वजनिक गरिँदैछ।

दिवसका सन्दर्भमा हुने अन्तरक्रियाहरूमा नेपालको यो अवस्थाका बारेमा पनि छलफल हुने र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यका संरचनाहरूका साथै सरोकारवालाहरूको ध्यानाकर्षण गराउने अध्यक्ष पोखरेलले विश्वास लिनुभएको छ।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा होइन, नागरिकहरूको सुसूचित हुन पाउनेसंवैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्यहुन्छ । त्यतिमात्र होइन प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अङ्ग पनि हो । नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिएको भए पनि व्यवहारमा त्यसअनुरूप वातावरण बन्न सकेको छैन । प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ उचाइमा पुऱ्याउन पत्रकार महासङ्घ तथा प्रेस स्वतन्त्रताका पक्षधरहरू एक ठाउँमा उभिन जरुरी रहेको उहाँले बताउनुभएको छ।

# तनहुँमा निषेधाज्ञा जारी गर्न पालिकाहरूको अनुरोध

**पोखरापत्र संवाददाता**
**दमौली, २० बैशाख**

नयाँ भेरियन्टसहितको कोरोना सङ्क्रमण तीव्ररूपमा फैलिएपछि तनहुँमा पनि निषेधाज्ञा गर्न स्थानीय तहहरूले अनुरोध गरेका छन्। जिल्ला समन्वय समिति तनहुँको संयोजनमा आज दमौलीमा सम्पन्न दशवटै स्थानीय तहका प्रमुखहरू सहभागी बैठकले कोरोना जोखिमलाई मध्यनजर गर्दै निषेधाज्ञा गर्न अनुरोध गरेको हो।

बैठकले जिल्ला कोभिड सङ्कट व्यवस्थापन समितिलाई निषेधाज्ञा गर्न अनुरोध गर्ने निर्णय गरेको जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जानकारी दिनुभयो। बैठकमा तनहुँ जिल्लाबाट निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरू कोभिड अवधिभर आफ्नो पारिवारिक कार्यक्रम (विवाह, व्रतबन्ध, धार्मिक कार्यक्रम आदि) बाहेकको कार्यक्रममा सहभागी नहुने प्रतिबद्धता जनाएका छन्। जिल्लाका सबै पालिकाहरूले अक्सिजनलगायतका अत्यावश्यक स्वास्थ्य सामग्री औषधिलगायत अन्य सामानहरू खरिद गरी भण्डारण गरी मौज्दात राख्ने, विकास निर्माणमा जिल्लाका सबै पालिकाहरूले बाहिरबाट आउने जनशक्ति रोक्ने, नल्याउने निर्णय बैठकले गरेको छ।

# घुमन्ते व्यापारीको अखाद्य वस्तुबाट उपभोक्ता ठगिँदै

**पोखरापत्र संवाददाता**
**पर्वत, २० बैशाख**

घुमन्ते व्यापारीका कारण उपभोक्ता ठगिएका उजुरी बढ्दै गएका छन् । जिल्ला प्रहरी कार्यालयले विशेषगरी खाद्यवस्तु बिक्री गर्दै सडकमा हिँड्ने व्यापारीबाट ठगिएका उजुरी धमाधम आउन थालेको जनाएको छ।

हालै कार्यालयमा एक उपभोक्ताले आफूले किनेको मह दुई दिनमा जमेको र त्यो डाल्डा घ्यू जस्तै बनेको भन्दै गुनासो गरे । मौरीले नै बनाएको मह त्यस्तो स्वरूपमा नजाने भएकाले अखाद्य वस्तु मिसिएको हुन सक्ने अनुमान गरी प्रहरी कार्यालयले झोलामा बोकेर डुलाउँदै बेचिरहेका अवस्थामा कुस्मा बजारबाट मह र व्यापारीलाई नियन्त्रणमा लियो। सोही क्रममा चुक (अमिलो) झोलामा बोकी डुलाई बेचिरहेका अवस्थामा अर्का एक व्यापारीलाई पनि नियन्त्रणमा लियो। मह जस्तै अमिलोमा पनि अखाद्य वस्तु राखिएकोहुनसक्नेतथाउपभोक्तालाई ठगेको हुन सक्ने अनुमानमा अमिलोसमेत नियन्त्रणमा लिइएको प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रदीप पौडेलले बताउनुभयो। मह र अमिलो बेचिरहेकाहरूले आफूहरूले अखाद्य वस्तु नमिसाएको जिकिर गरेपछि प्रहरीले उनीहरूलाई तीन दिनको समय दियो।

प्रहरी नियन्त्रणमा रहेका सामग्रीमा तीन दिनमा कुनै खराबी नआएमा फिर्ता गरिदिने र फिर्ता लैजानका लागि तीन दिनपछि आउन सक्ने भनी पठाइएका व्यापारी सामग्री फिर्ता लैजान आएनन्। प्रहरी नियन्त्रणमा रहेको मह र अमिलो सडेर दुर्गन्धित बन्यो। 'तपाईँहरूको सामग्री ओरिजनल हो भने तीन पछाडि लिन आउनुहोला । तीन दिनसम्म हामीसँग राखेर हेर्छौँ भनेर पठाएका थियौँ तर उनीहरू सामान फिर्ता लैजान आएनन् ।' प्रहरी निरीक्षक पौडेलले भन्नुभयो, ' हाम्रो नियन्त्रणमा रहेका सामग्री कुहिएर कार्यालय नै दुर्गन्धित बन्यो। उनीहरू पक्राउ पर्ने डरले सामान लैजान नआएका हुन् ।' प्रहरीले नष्ट गरेको करीब ५० लिटर अमिलो र १० किलो मह हेर्दै घिनलाग्दो अवस्थामा थियो। नष्ट गरिएको करीब सात हजार लिटर घरेलु मदिरा र त्यसको कच्चा पदार्थ पनि अखाद्य नै थिए। कुस्मा नगरपालिका २ खुर्कोटको नयाँ पुल र वडा नं ७ गोदामबाट नियन्त्रणमा लिइएको मदिराको कच्चा पदार्थमा कुहिएको भात र मासु, कपडा, चप्पललगायत पदार्थ राखेको पाइएको थियो। त्यसमा पनि बढी समस्या महमा देखिएको थियो जुन कुनै पनि हालतमा महको स्वरूपमा थिएन । उपभोक्ताको गुनासो आएपछि झोलामा बोकेर यस्ता खाद्य वस्तु बेच्नेमाथि नियन्त्रण बढाइएको प्रहरीले बताएको छ । त्यस्ता सामग्रीको व्यापार गरिरहेका व्यक्तिलाई पिछा गरिएको र पक्राउ गरेर थप प्रक्रिया अगाडि बढाइने पनि प्रहरी निरीक्षक पौडेलको भनाइ छ। उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपी अधिकारीले उत्पादन मितिसहितको लेबल नभएका एवं खरिद तथा बिक्री बिल नभएका त्यस्ता घुम्ती व्यापारीलाई नियन्त्रण गर्ने काम स्थानीय तहको भएको जनाउँदै त्यस्ता व्यापारीसँग कुनै पनि सामग्री खरिद गर्न नहुने बताउनुभयो । 'सामान सस्तोमा पाइयो भन्दैमा उपभोक्ताले लेबल नै नभएका, बिल नभएका सामग्री खरीद गर्ने नै हुँदैन। उहाँले भन्नुभयो, 'यसको नियन्त्रणको अधिकार स्थानीय तहमा रहेको छ । उहाँहरू सचेत हुनुपर्छ । उद्योग वाणिज्य सङ्घका तर्फबाट हामी प्रशासन र पालिका दुवैमा सहकार्य गरेर यो समस्या हटाउन लागेछौँ ।'

# नदीजन्य पदार्थ उत्खनन् गर्ने सवारी नियन्त्रण

**पोखरापत्र संवाददाता**
**दमौली, २० बैशाख**

अवैधरूपमा नदीजन्य पदार्थ उत्खनन् गर्ने छ वटा सवारी साधनलाई नियन्त्रणमा लिएर जरिवाना गराइएको छ।

ऋषिङ गाउँपालिका, शुक्लागण्डकी नगरपालिका र व्यास नगरपालिकाका विभिन्न नदीमा अवैधरूपमा नदीजन्य पदार्थ उत्खनन गर्दै गर्दा प्रहरीले एक एक्साभेटर र पाँच ट्र्याक्टरलाई नियन्त्रणमा लिएको हो।

ऋषिङ गाउँपालिकाअन्तर्गत रहेको मादी नदी बगरमा बिना अनुमति बाटो बनाइरहेको अवस्थामा बा २ ख ६२४३ नम्बरको एक्साभेटरलाई नियन्त्रणमा लिइएको छ। इलाका प्रहरी कार्यालय सारङ्घाटबाट खटिएको प्रहरीले नियन्त्रणमा लिएको एक्साभेटरलाई ऋषिङ गाउँपालिकाको कार्यालय बुझाइएकामा रु २२ हजार ५०० जरिवाना भएको छ । शुक्लागण्डकी-९ सुरौदीखोला नदी किनारबाट अवैधरूपमा गिट्टी बालुवा उत्खनन गरी ओसारपसार गर्दै गरेको अवस्थामा ग १ त ३०७० र ग १ त ३४२१ नम्बरको ट्र्याक्टरलाई नियन्त्रणमा लिइएको छ । ती सवारीलाई नगरपालिका बुझाइएकामा रु १२ हजारका दरले रु २४ हजार जरिवाना भएको प्रहरीले जनाएको छ।

त्यस्तै व्यास-५ चिन्तुटारस्थित मादी नदी किनारबाट अवैधरूपमा ढुङ्गा ओसारपसार गरिरहेको अवस्थामा ग १ त २६३४, ग १ त ३४७२ नम्बर र ग १ त ५०६३ नम्बरका ट्र्याक्टरलाई नियन्त्रणमा लिइएको छ । ती सवारीलाई कारवाहीका लागि नगरपालिका बुझाइएकामा रु आठ हजारका दरले रु २४ हजार जरिवाना भएको छ।

# समन्वय प्रमुखको नेतृत्वमा अनुगमन

**पोखरापत्र संवाददाता**
**दमौली, २० बैशाख**

नयाँ भेरियन्टसहितको कोरोना सङ्क्रमण फैलिरहेको अवस्थामा दमौली अस्पतालले गरेको पूर्वतयारीको बारेमा जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेको नेतृत्वमा सोमबार अस्पतालको अनुगमन गरिएको छ । कोभिड व्यवस्थापनका लागि दमौली अस्पतालले गरेको तयारीका बारेमा जानकारी लिन वाग्लेको नेतृत्वमा सरोकारवाला निकायका प्रतिनिधिले अस्पतालको अनुगमन गरेका हुन्।

अनुगमनमा प्रमुख जिल्ला अधिकारी सागर आचार्य, व्यास नगरपालिकाका उपप्रमुख मीरा जोशी, तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवित्रकुमार श्रेष्ठलगायत सहभागी हुनुहुन्थ्यो। अनुगमन टोलीलाई दमौली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सुनिल पौडेलले अस्पतालले गरेको तयारीका बारेमा जानकारी गराउनुभयो।


## नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## पशु सेवा विभाग
## राष्ट्रिय पशु प्रजनन् कार्यालय
## पोखरा, कास्की

# बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः मिति २०७८/०१/२१ गते**

**यस कार्यालयबाट मिति २०७८/०१/१६ गते खोलिएको देहायका ठेक्काहरुमा प्राप्त बोलपत्रहरुमध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र छनौट हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

| क्र. सं. | विवरण | छनौट हुने बोलपत्रदाता | बोल कबोल रकम रु. मु.अ.कर र पि.एस. बाहेक |
|---|---|---|---|
| १ | Construction of Bio Fencing Works Around Grass Land. NLBO (Contract ID: NLBO/W/NCB/077-78/29) | TN Construction Pokhara-26 | 52,87,325.80 |
| २ | UPgrading of Road Inside Office, NLBO( Contract ID: NLBO/ W/NCB/ 077-78/30) | Parbatmala Construction Pvt. Ltd. Kaski | 58,51,570.45 |

**प्रमुख पशु विकास अधिकृत**